# माङसेबुङ गाउँपालिका, इलाम

## गाउँ कार्यपालिकाको बैठक

माङसेबुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय इलाम, इलाम

**बैठक संख्या : ४५ औं** **मिति : २०८१/१०/३०**

आज मिति २०८१ साल माघ ३० गते बुधवारका दिन माङसेबुङ गाउँपालिकाका अध्यक्ष श्री हेमन्त राई ज्यूको अध्यक्षता तथा देहायको उपस्थितिमा, गाउँ कार्यपालिकाको बैठक बसी निम्नानुसार निर्णय गरियो ।

**उपस्थिति :**

| क्र. सं. | नाम, थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हेमन्त राई | अध्यक्ष | | |
| २ | श्री विनोद कुमार नेम्वाङ | उपाध्यक्ष | | |
| ३ | श्री भुपाल योङहाङ | १ नं वडा अध्यक्ष | | |
| ४ | श्री कृष्ण बहादुर बस्नेत | २ नं वडा अध्यक्ष | | |
| ५ | श्री लक्ष्मन राई | ३ नं वडा अध्यक्ष | | |
| ६ | श्री नविन लिम्बू | ४ नं वडा अध्यक्ष | | |
| ७ | श्री नरेन्द्र कुमार राई | ५ नं वडा अध्यक्ष | | |
| ८ | श्री प्रदिप साङपाङ | ६ नं वडा अध्यक्ष | | |
| ९ | श्री डिक माया लुहागुन | सदस्य | | |
| १० | श्री प्रमिता धमला विश्वकर्मा | सदस्य | | |
| ११ | श्री हस्त कुमारी लिम्बू | सदस्य | | |
| १२ | श्री पुनम साम्वाहाम्फे | सदस्य | | |
| १३ | श्री सुसन राई | सदस्य | | |
| १४ | श्री दिलशेर राई | सचिव | | |
| १५ | श्री ओम प्रकाश खड्का | सूचना प्रविधि अधिकृत | | |
| १६ | मनिमा भट्टराई | प्रशासन प्रमुख | | |
| १७ | | | | |
| १८ | | | | |

दिलशेर राई
प्रमुख प्रशासकीय अधिकृत

माङसेबुङ गाउँपालिका, इलाम

गाउँ कार्यपालिकाको बैठक

बैठक संख्या : ४५ औं  मिति : २०८१/१०/३०

**प्रस्ताव नं. १**

अघिल्लो बैठकको कार्यान्वयनको समीक्षा गर्ने सम्बन्धमा ।

**निर्णय नं. १** : मिति : २०८१ पुष २९ गते सोमबारका दिन भएको बैठकको निर्णय कार्यान्वयनको समीक्षा गरियो ।

**प्रस्ताव नं. २**

सेवा प्रवाहको स्थितिको समीक्षा गर्ने सम्वन्धमा ।

**निर्णय नं. २**

हालसम्म गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुवाट भए गरेका सेवा प्रवाहको स्थितिको समीक्षा गरियो । कमी कमजोरीहरु सुधार्दै जाने निर्णय गरियो ।

**प्रस्ताव नं. ३**

स्थानीय तह वित्ती सुशासन जोखिम मूल्याङ्कन (FRA) र स्थानीय विकास आर्थिक मूल्याङ्कन (LED) को प्रारम्भिक नतिजा सम्वन्धमा ।

**निर्णय नं. ३**

माङसेबुङ गाउँपालिकाको गत आ. व. २०८०/०८१ को स्थानीय तहको स्थानीय तह वित्ती सुशासन जोखिम मूल्याङ्कन (FRA) र स्थानीय विकास आर्थिक मूल्याङ्कन (LEDA) को प्रारम्भिक नतिजामाथि छलफल गरी सोको अनुमोदन सहित सार्वजनिक गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४**

परामर्शदाता मार्फत संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने सम्बन्धमा ।

**निर्णय नं. ४**

यस माङसेबुङ गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण सिफारिश समितिको मिति २०८१ साल माघ २९ गते बसेको बैठक बाट कोशी प्रदेशको स्थानीय सरकारी सेवा गठन तथा संचालन ऐन २०८० को दफा ६ को उपदफा १ बमोजिम स्थानीय सरकारी सेवाको संगठन संरचना वा दरवन्दी सिर्जना गर्न तथा त्यस्तो संगठन संरचना वा दरवन्दीमा पुनरावोलकन वा हेरफेर गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने व्यवस्था भएको र जटिल कार्यप्रकृतिको कारण उक्त कार्यको लागि विज्ञको परामर्श सेवा आवश्यक भएको देखिएको हुँदा प्रचलित कानून बमोजिम सो विषयसँग सम्बन्धित परामर्शदाता बाट परामर्श सेवा खरिद गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने गराउने र उक्त कार्यको लागि परामर्श सेवा खरिद चालू शीर्षकमा विनियोजित रकम मध्येबाट रु ४,००,०००।-( अक्षेरुपी चार लाख ) छुट्याउने निर्णय गरियो ।

दिलशेर राई
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. ५**

राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताको लागि बन्द प्रशिक्षण कार्यक्रम संचालन तथा प्रतियोगितामा सहभागिताको लागि रकम उपलब्ध गराउने सम्वन्धमा ।

**निर्णय नं. ५**

यहि २०८१ साल फागुन ४ गते देखि संचालन हुन गइरहेको राष्ट्रपति रनिङशिल्ड जिल्ला स्तरीय खेलकुद प्रतियोगितामा सहभागी हुनको लागि यस माङसेबुङ गाउँपालिका बाट छनौट भएको खेलाडीहरुको बन्द प्रशिक्षण कार्यक्रम संचालन गर्न, सहभागी खेलाडीहरुलाई आउनेजाने खर्च र स्वर्ण पदक विजेता खेलाडीलाई रु १०,०००-। का दरले पुरुषकार वितरण लगायतका खर्च व्यवस्थापनको लागि आ.व. २०८१।८२ को युवा तथा खेलकुद कार्यक्रम शीर्षकमा विनियोजित रु १०,००,०००।- मध्येवाट रु ५,००,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ६**

प्रदेश समपूरक अनुदान कार्यक्रम अन्तर्गत संचालीत योजनाहरुको बाँकी रकमबाट योजना संचालन गर्ने सम्वन्धमा ।

**निर्णय नं. ६**

प्रदेश समपूरक अनुदान कार्यक्रम अन्तर्गत यस गाउँपालिकामा संचालीत देउमाइ फाकफोक देउराली हुलाक सडक स्तरोन्नति र वि.पी. मार्ग सडक स्तरोन्नति योजनाहरुको ठेक्का बन्दोवस्तको लागि वोलपत्र आव्हान भै सो बमोजिम संझौता समेत भैसकेको र वोलपत्र मार्फत प्रतिस्पर्धा गराई ठेक्का बन्दोवस्त गर्दा उक्त योजनाहरुको लागि विनियोजित रकम मध्ये केही रकम वचत हुन गएको हुँदा उक्त बचत हुन गएको रकमबाट आवश्यक प्रकृया पूरा गरी उक्त योजनाहरुको अरु थप काम गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७**

विभिन्न योजनाहरुका वचत भएको रकमबाट सोही योजनाको थप कार्यका लागि अनुरोध गरी पठाउने सम्वन्धमा ।

**निर्णय नं. ७**

यस गाउँपालिका क्षेत्रमा कोशी प्रदेश सरकार अन्तर्गत विभिन्न मंत्रालय तथा कार्यालयहरुबाट विभिन्न योजना तथा कार्यक्रमहरु संचालन भइरहेकोमा ठेक्का प्रकृया मार्फत उक्त योजनाहरु संचालन गर्दा विनियोजित सबै रकम खर्च नभई वचत हुने हुँदा वचत भएको रकमबाट समेत उक्त योजनाहरुको थप काम संचालन गरिदिनहुन भनि योजनासंग सम्वन्धित प्रदेशस्थित मंत्रालय तथा कार्यालयहरुसंग अनुरोध गर्ने ।

**प्रस्ताव नं. ८**

महिला स्वास्थ्य स्वंमसेविकाको १० दिने आधारभूत तालिमको खाना-खाजा खर्चको रकम भुक्तानी गर्ने सम्वन्धमा ।

दिलशेर राई
प्रमुख प्रशासकीय अधिकृत

माङसेबुङ गाउँपालिका, इलाम

गाउँ कार्यपालिकाको बैठक

बैठक संख्या : ४५ औं मिति : २०८१/१०/३०

**निर्णय नं. ८**

स्वास्थ्य कार्यालय इलामको मिति: २०८१।०८।०४, प.सं. ०८१।८२ तथा च.नं. ९७ को पत्रबाट मिति: २०८१।०८।०६ देखि मिति : २०८१।०८।१५ सम्म यस गाउँपालिकाको इभाङ स्वास्थ्य चौकीमा संचालान हुने महिला स्वास्थ्य स्वंमसेविकाको १० दिने आधारभूत तालिमको खाना-खाजा, आवसको व्यवस्था गरिदिन अनुरोध भई आएको र सो बमोजिम खाना-खाजा र आवसको बील लगायत अन्य आवश्यक कागजात सहित स्वास्थ्य शाखाबाट अनुरोध भई आएकोले सो बमोजिमको रकम रु ५०,०००-। विविध खर्च शीर्षकमा विनियोजित रकमबाट उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ९**

चतुरे स्वास्थ्य चौकी भवन निर्माण सम्वन्धमा ।

**निर्णय नं. ९**

चालू आ.व. २०८१।८२ मा प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत चतुरे स्वास्थ्य चौकी भवन निर्माणको लागि रु ३० लाख विनियोजन भई आएकोमा ३ नं. वडा कार्यालयको मिति: २०८१।१०।२९, च.नं. ६०८ को पत्रबाट वडा समितिको बैठकको निर्णयको प्रतिलिपी समेत राखी उक्त भवन वडा नं. ३ को वडा कार्यालय रहेको भवन अगाडिको खालि जग्गामा उपभोक्ता समिति मार्फत निमार्ण गर्ने गरी अनुरोध भई आएको हुँदा वडा कार्यालयबाट अनुरोध भै आए बमोजिम उक्त स्वास्थ्य चौकी भवन निर्माण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १०**

लागत साझेदारीमा कार्यक्रम संचालन गर्ने सम्वन्धमा ।

**निर्णय नं. १०**

यस गाउँपालिकाको वडा नं. ६ मा सञ्चालन हुने खाम्बुवा पाण्डुमान कारवारी खानेपानी स्रोत संरक्षण तथा सरसफाई आयेजनाको कूल लागत अनुमान १३,६४,३४०।४१ मध्ये सहयात्रा नेपालको ३६.६५ प्रतिशतले हुने रु ५,००,०००।- ,माङसेबुङ गाउँपालिकाको २१.८९ प्रतिशत हुने रु २,९८,६४५।३७ र सम्वन्धित उपभोक्तहरुको ४१.४६ प्रतिशतले हुने रु ५,६५,६९५।२५ लागत साझेदारी हुने गरी उक्त आयोजना संचालन गर्ने । कूल लागत अनुमान मध्ये गाउँपालिकाको २१.८९ प्रतिशत ले हुन आउने लागत साझेदारी वापतको रकम रु २,९८,६४५।३७ समपूरक कोष शिर्षकमा विनियोजित रकम मध्येवाट व्यहोर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ११**

आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि संघीय समपूरक अनुदान तथा विशेष अनुदान माग गर्ने ।

**निर्णय नं. ११**

आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि संघीय समपूरक अनुदान तथा विशेष अनुदान अन्तर्गत देहायका योजनाहरु माग गर्ने निर्णय गरियो ।

**संघीय समपूरक अनुदान**

दिलशेर राई
प्रमुख प्रशासकीय अधिकृत

माङसेबुङ गाउँपालिका, इलाम

गाउँ कार्यपालिकाको बैठक

बैठक संख्या : ४५ औं

मिति : २०८१/१०/३०

| क्र. सं. | योजनाको नाम | कूल लागत रु. | गाउँपालिकाले व्यहोर्ने रु. | संघीय समपूरक अनुदान माग गरेको रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | वडानं.४को मर्चेबुङ देखि शनिवारे कृषि हाट वजार केन्द्र तिनदोभाने हुँदै माई नगरपालिकाको महमाई जोड्ने सडक | ७ करोड | १ करोड ५ लाख | २ करोड ४५ लाख | २ वर्षिय योजना |
| २ | वडा नं.१ को लामिडाँडा देउराली तोभाङ हुँदै धार्मिक पर्यटकीय स्थल गजुरमुखी धाम जाने सडक | ७ करोड | १ करोड ५ लाख | २ करोड ४५ लाख | २ वर्षिय योजना |
| ३ | वडा नं.६ को खर्वनी बगरे हुँदै चिसोपानी पंचमी कृषि उपज संकलन वजार जोडने सडक | ७ करोड | १ करोड ५ लाख | २ करोड ४५ लाख | २ वर्षिय योजना |

विशेष अनुदान

| क्र. सं. | योजनाको नाम | कूल लागत रु. | अनुदान माग गरेको रु. | कैफियत |
|---|---|---|---|---|
| १ | पैयाँ मिक्लाजुङ मुहान भई वडा नं. २ को दलित वस्ती सम्म खानेपानी विस्तार आयोजना | १० करोड | ३ करोड | ३ बर्षिय योजना |
| २ | गजुरमुखी धाम र सिमलटार स्वास्थ्य चौकी पूर्वाधार निमार्ण | ५ करोड | ३ करोड | २ बर्षिय योजना |

**प्रस्ताव नं. १२**

गरिव परिवारमा सूचिकृतको लागि मन्त्रालयमा पठाउने सम्वन्धमा ।

**निर्णय नं. १२**

भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मंत्रालय गरिव पहिचान तथा मापदण्ड शाखाको मिति २०८१।०८।२३, प.सं. ०८१।८२ तथा च.नं. ४१४ को पत्रसाथ प्राप्त यस माङसेवुङ गाउँपालिकाको गरिव परिवारको प्रारम्भिक सूचि उजुरी तथा गुनासो प्रयोजनको लागि २०८१।०९।२३ गते प्रकाशीत गरिएकोमा सूचनाको अवधिभित्र

दिलशेर राई
प्रमुख प्रशासकीय अधिकृत

## माङसेबुङ गाउँपालिका, इलाम
## गाउँ कार्यपालिकाको बैठक

बैठक संख्या : ४५ औं                                                        मिति : २०८१/१०/३०

गरिव परिवारको प्रारम्भिक सूचिमा विवरण समावेश नभएकोले समावेश गरि पाउँ भनी परेका निवेदन उपर छानवीन गर्दा तपशिल बमोजिमको परिवारलाई गरिव परविारमा सूचिकृत गर्नुपर्ने देखिएकोले स्वीकृतिको लागि मिति २०८१।१०।०९ गते बसेको गुनासो सुनुवाई समितिको बैठकको निर्णय सहित पेश भई आएको र कार्यपालिकाको बैठकमा छलफल हुंदा समेत पेश भई आए बमोजिम तपशिलका परिवारलाई गरिव परिवारमा सूचिकृत गर्नुपर्ने देखिएको हुंदा सूचिकृतको लागि भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मंत्रालय पठाउने निर्णय गरियो ।

तपशिल :

| क.सं. | परिवारमूलीको नाम | परिवारमूलीको बाबुको नाम | ठेगाना |
|---|---|---|---|
| १ | चन्द्र कुमार राई | देश बहादुर राई | माङसेबुङ-६ |
| २ | काजीमान राई | लाल प्रसाद राई | माङसेबुङ-६ |
| ३ | हरि कुमार राई | दक बहादुर राई | माङसेबुङ-६ |
| ४ | राम कुमार राई | भक्त बहादुर राई | माङसेबुङ-६ |
| ५ | असप धन राई | वीर वल राई | माङसेबुङ-६ |
| ६ | विवेक राई | बल बहादुर राई | माङसेबुङ-६ |
| ७ | पञ्च वहादुर राई | दलमान राई | माङसेबुङ-६ |
| ८ | रविन कुमार राई | नेत्र प्रसाद राई | माङसेबुङ-६ |
| ९ | नवीन कुमारी राई | हरिभक्त राई | माङसेबुङ-६ |
| १० | रुकमान राई | सेर बहादुर राई | माङसेबुङ-६ |
| ११ | भक्त कुमार राई | याम बहादुर राई | माङसेबुङ-६ |
| १२ | दिपेश राई | सूर्य कुमार राई | माङसेबुङ-६ |
| १३ | प्रमोद राई | हेम कुमार राई | माङसेबुङ-६ |
| १४ | गणेश कुमार राई | रामकृष्ण राई | माङसेबुङ-६ |
| १५ | सुरेश राई | असपधन राई | माङसेबुङ-६ |
| १६ | रण बहादुर राई | जोकमनि राई | माङसेबुङ-६ |
| १७ | दिपेन राई | सुकराज राई | माङसेबुङ-६ |
| १८ | पवित्र राई | गणेश कुमार राई | माङसेबुङ-६ |

दिलशेर राई
प्रमुख प्रशासकीय अधिकृत

## माङसेबुङ गाउँपालिका, इलाम
## गाउँ कार्यपालिकाको बैठक

बैठक संख्या : ४५ औं | मिति : २०८१/१०/३०

| | | | |
|---|---|---|---|
| १९ | कमल कुमार राई | पृथीमान राई | माङसेवुङ-६ |
| २० | पृथीमान राइ | लाल प्रसाद राई | माङसेवुङ-६ |
| २१ | आशिस राई | मोन प्रसाद राई | माङसेवुङ-६ |
| २२ | भिन्दुपाल राई | इन्द्र कमल राई | माङसेवुङ-६ |
| २३ | राम बहादुर राई | काजीमान राई | माङसेवुङ-६ |
| २४ | फुलश्वरी राई | जै बहादुर राई | माङसेवुङ-६ |
| | | | |
| २५ | कुल प्रसाद राई | असल मान राई | माङसेवुङ-६ |
| २६ | सञ्जिप राई | सुरेन्द्र राई | माङसेवुङ-६ |
| २७ | नर बहादुर राई | जोकमणि राई | माङसेवुङ-६ |
| २८ | प्रेम कुमारी राई | चन्द्र बहादुर राई | माङसेवुङ-६ |
| २९ | लाल प्रसाद राई | पृथी बहादुर राई | माङसेवुङ-६ |
| ३० | लाल बहादुर राई | दल बहादुर राई | माङसेवुङ-६ |
| ३१ | प्रेम कुमार राई | चित्रमान राई | माङसेवुङ-६ |
| ३२ | किताव सिंह राई | मोहन कुमार राई | माङसेवुङ-६ |
| ३३ | फुलरवरी राई | दल बहादुर राई | माङसेवुङ-६ |
| ३४ | नवीन कुमार राई | नर दल राई | माङसेवुङ-६ |
| ३५ | विष्णु कुमार राई | प्रेम बहादुर राई | माङसेवुङ-६ |
| ३६ | सुरेन्द्र राई | राज कुमार राई | माङसेवुङ-६ |
| ३७ | रोमन राई | आइतमान राई | माङसेवुङ-६ |
| ३८ | वुद्धिमान राई | शेर बहादुर राई | माङसेवुङ-६ |
| ३९ | सुजन राई | पूर्ण कुमार राई | माङसेवुङ-६ |
| ४० | अविनास राई | ज्ञान बहादुर राई | माङसेवुङ-६ |
| ४१ | मिलन कुमार राई | राम बहादुर राई | माङसेवुङ-६ |
| ४२ | राज कुमार राई | मनवीर राई | माङसेवुङ-६ |
| ४३ | जनम राई | हरि प्रसाद राई | माङसेवुङ-६ |
| ४४ | गोवर धन राई | डिग बहादुर राई | माङसेवुङ-६ |

दिलशेर राई
प्रमुख प्रशासकीय अधिकृत

# माङसेबुङ गाउँपालिका, इलाम
## गाउँ कार्यपालिकाको बैठक

बैठक संख्या : ४५ औं                                                    मिति : २०८१/१०/३०

| | | | |
|---|---|---|---|
| ४५ | तगेन्द्र कुमार राई | नर प्रसाद राई | माङसेवुङ-६ |
| ४६ | पूर्ण कुमार राई | याम बहादुर राई | माङसेवुङ-६ |
| ४७ | अवि राई | शुभ चन्द्र राई | माङसेवुङ-६ |
| ४८ | जिवन राई | मन बहादुर राई | माङसेवुङ-६ |
| ४९ | जोगश्वरी राई | दल बहादुर राई | माङसेवुङ-६ |
| ५० | धुव राई | ज्ञान बहादुर राई | माङसेवुङ-६ |
| | | | |
| ५१ | फूलमाया राई | मुथुप सिंह लिम्वू | माङसेवुङ-६ |
| ५२ | जगत राई | रामकृष्ण राई | माङसेवुङ-६ |
| ५३ | कमल कुमारी राई | ऐतराज राई | माङसेवुङ-६ |
| ५४ | मनरानी राई | दल बहादुर राई | माङसेवुङ-६ |
| ५५ | संकल्प राई | राज कुमार राई | माङसेवुङ-६ |

**प्रस्ताव नं. १३**

स्वास्थ्य सेवाका केही कर्मचारीहरुको पारीश्रमीक वृद्धि गर्ने सम्बन्धमा ।

**निर्णय नं. १३**

निम्न उल्लेखित स्वास्थ्य सेवाका विभिन्न पदमा कार्यरत कर्मचारीहरुको हाल सम्फौतामा उल्लेख गरिएको मासिक पारीश्रमीक पद अनुसार तलब स्केल भन्दा कम हुन गएको र निजहरुको कार्यसम्पादन उत्कृष्ठ पाइएको हुँदा स्वस्थ्य सेवाका सहायक चौथों तहका कर्मचारीहरुको शुरु तलव स्केल बरावर हुने गरी तलव स्केल वृद्धि गर्ने निर्णय गरियो । साथै सो वापतको तलबी खर्च करार कर्मचारी शीर्षक बाट भुक्तानी गर्ने साथै वृद्धि भएको उक्त तलब स्केल २०८१ फाल्गुन ०१ गते देखि लागु गरि भुक्तानी गर्ने समेत निर्णय गरियो ।

**निम्न:**

| क्र.स. | नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | सन्ध्या कार्की | अ.न.मि | |
| २ | विवेशा राई | अ.हे.व | |
| ३ | राधा राई | अ.न.मि | |
| ४ | विनिता लिम्वु | अ.हे.व | |
| ५ | मित्र प्रसाद न्यौपाने | अ.हे.व | |

दिलशेर राई
प्रमुख प्रशासकीय अधिकृत

## माङसेबुङ गाउँपालिका, इलाम

## गाउँ कार्यपालिकाको बैठक

बैठक संख्या : ४५ औं　　　　　　　　　　　　　　　　　　　　मिति : २०८१/१०/३०

**प्रस्ताव नं. १४**

रैथाने बाली प्रवर्द्दन कार्यक्रम संचालन सम्वन्धमा ।

**निर्णय नं. १४**

कोशी प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम ( सशर्त अनुदान ) अन्तर्गत रैथाने बाली प्रवर्द्दन कार्यक्रमको लागि रु २०,००,००० ।- बजेट विनियोजन भएकोमा उक्त बजेट मध्ये रु १५,००,००० ।- बाट ५० प्रतिशत लागत साझेदारीमा यस गाउँपालिकामा उत्पादन हुने पहेली मासको दालको ब्राण्डिङ सम्वन्धी काम गर्ने भनि कार्यपालिकाको मिति: २०८१।०८।११, ४२ औं बैठकबाट निर्णय भई मिति:२०८१।०९।११ मा प्रथम पटक र मिति:२०८१।१०।०८ मा दोस्रो पटक सूचना प्रकाशन गर्दा कुनै पनि आवेदन नपरेको हुदाँ उक्त वजेटबाट तपशील कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय गरियो ।

**तपशील:**

तीते फापर प्रवर्द्दन कार्यक्रम - अनुदान रकम ७५ प्रतिशत रु ५,००,०००।-

कन्दमुल प्रवर्द्दन कार्यक्रम - अनुदान रकम ७५ प्रतिशत रु २,००,०००।-

पीडालु (याक्सि ) प्रवर्द्दन कार्यक्रम - अनुदान रकम ७५ प्रतिशत रु २,००,०००।-

सिलाम (वोमाक ) प्रवर्द्दन कार्यक्रम- अनुदान रकम ७५ प्रतिशत रु ६,००,०००।-

रु १५,००,००० ।- बाट २५ प्रतिशत लागत साझेदारीमा कार्यक्रम संचालन गर्ने ।

**प्रस्ताव नं. १४**

चिसोपानी पंचमी सामुदायीक भवनको DPR स्वीकृत गर्ने सम्बन्धमा ।

**निर्णय नं. १४**

माङसेवुङ गाउँपालिका वडा नं.६ स्थित चिसोपानी पंचमी सामुदायीक भवन निर्माण आयोजना संचालनको लागि आवश्यक DPR तयार गर्न यस गाउँपालिका र Inventive Engineering Consultancy Pvt.Ltd Biratnagar बीच संझौता भई उक्त सम्झौता बमोजिमको DPR तयार भई कार्यालयमा प्राप्त भइसकेको हुँदा प्राप्त DPR स्वीकृत गर्ने निर्णय गरियो ।

---

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ को देहाय (ज) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको हैसियतले कार्यपालिकाको बैठकको निर्णय प्रमाणित गर्दछु ।*

*सही :*

*नाम : दिलशेर राई*

*पद : प्रमुख प्रशासकीय अधिकृत*